नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध बारुण यन्त्र कार्यालय

"जुद्ध बारुण यन्त्र भक्तपुरको रहर, आगलागी जोखिम मुक्त भक्तपुर शहर"

# नेपाल सरकार

## गृह मन्त्रालय

## जुद्ध बारुण यन्त्र कार्यालय

## भक्तपुर

# वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०८१/०८२

१. कार्यालयको सामान्य परिचय

जुद्ध बारुण यन्त्र कार्यालय आगलागीजन्य विपद् जोखिम न्यूनीकरणको लागि नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत स्थापित कार्यालय हो । तत्कालीन राणा प्रधानमन्त्री जुद्ध समशेरको पालामा भक्तपुरमा वि.सं. २००१ (सन् १९४५) मा सेवा विस्तार गरिएको हो। उक्त समयमा जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुरमा रहेका बारुण यन्त्रहरुः

- Magirus Deutz, German, Model 1976, capacity: 2400 litre, (Bhaktapur -1)
- Bedford, UK, Model:1973, Capacity: 1500 litre (Bhaktapur -1)
- Dennis, UK, Model: 1945, Capacity 1,200 litre (Bhaktapur-1)

उक्त बारुण यन्त्रहरु कार्यालयमा रहेको भएता पनि हाल संचालनमा रहेको छैनन् । हाल कार्यालयमा २ वटा पालिकाद्धारा हस्तान्तरण भएका टाटा दमकल १, German दमकल १, १ पानी ट्याङकर र १ फायर बाइक संचालन हुँदै आएका छन् । जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुर नगरपालिका- १ दुधपाटी भक्तपुर जिल्लामा अवस्थित रहेको छ ।

२. कार्यालयको उद्देश्य, काम, कर्तव्य र अधिकार

जुद्ध बारुण यन्त्र कार्यालयले निम्न बमोजिम उद्देश्य अन्तर्गतका कार्यहरु गर्दै आएको छ ।

१. २४ सै घण्टा तत्पर रही आगलागी जोखिम न्यूनीकरण तथा आगलागी नियन्त्रण सम्बन्धी कार्य गर्ने,
२. पीडित व्यक्तिको आगलागी विवरणहरु प्रक्रिया पुगे लगत्तै तत्काल उपलब्ध गराउने,
३. आगलागी जोखिम सम्बन्धी विभिन्न नमुना कार्यक्रमहरु समय-समयमा संचालन गर्ने,
४. बारुण यन्त्र सञ्चालन तथा व्यवस्थापनका आवश्यक प्राविधिक सहजीकरणको लागि विभिन्न निकायहरुले लेखी पठाएमा सहजीकरण गरिदिने,
५. बारुण यन्त्र कार्यालयको मुख्य कार्यक्षेत्र भक्तपुर जिल्लामा रहने र अन्य ललितपुर काठमाण्डौं काभ्रेमा आगलागी नियन्त्रण सम्वन्धी आवश्यक सहयोग उपलब्ध गराउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जेठ वारुण यन्त्र कार्यालय
भक्तपुर

## ३ सांगठनिक संरचना

- कार्यालय प्रमुख ना.सु- १
  - प्रशासन तर्फ
    - १. सूचना अधिकारी खरिदार- १
    - २. सहायक लेखापाल- १
    - ३. सहायक कम्प्युटर अपरेटर- १
    - ४ का.स.- ३
  - अग्नी नियन्त्रण तर्फ
    - १. फायर कमाण्डर- २
    - २. भारि सवारी चालक- ४
    - ३. फायर मेन सिपाही- २१
    - ४. किलिण्डर- २

नेपाल सरकार
गृह मन्त्रालय
नुद्ध वारुण यन्त्र कार्यालय
भक्तपुर

४ कार्यालयमा रहने जनशक्ति विवरण

| क्र.सं | पद | श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ना.सु | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| २ | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| ३ | स.क.अ. | रा.प.अनं. द्वितीय | विविध | | १ | १ | ० | करार |
| ४ | स.ले.पा | रा.प.अनं. द्वितीय | प्रशासन | लेखा | १ | ० | १ | लोकसेवा आयोग बाट माग भएको |
| ५ | हवल्दार | रा.प.अनं. द्वितीय | विविध | | २ | २ | ० | करार |
| ६ | भा.स.चा | श्रेणीविहिन | इन्जिनियरिङ | मे./ज.मे. | ४ | ४ | ० | करार |
| ७ | किलिण्डर | श्रेणीविहिन | विविध | | २ | २ | ० | करार |
| ८ | का.स. | श्रेणीविहिन | प्रशासन | सा.प्र. | ३ | ३ | ० | करार २ जना |
| ९ | फा.मे.सि | श्रेणीविहिन | विविध | | २१ | १५ | ६ | करार |

५. आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रमको असार मसान्तसम्मको प्रगति

| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | | | १८३८८००० | २००००० | १८५८८००० | १५४००९४४.४४ | १९३५२४ | १५५९४४६८.४४ | ८३.७६ | ९८.७८ | ८३.८९ |

६. सम्पादन गरेको मुख्य मुख्य कामको विवरण

१. कार्यालयको नियमित बैठक तथा कार्यालय व्यवस्थापन सम्बन्धी आवश्यकता अनुरुप बैठक बसि विभिन्न निर्णयहरु गरी कार्यान्वयनमा ल्याइएको ।

२. आ.व. २०८०/०८१ को श्रावण महिना देखि असार महिनासम्म भक्तपुर जिल्ला तथा बाहिरी जिल्लामा गरि जम्मा १२५ वटा आगलागीका घटनाहरु घटेकोमा बारुण यन्त्र समयमै पुगी आगलागी नियन्त्रण गर्न सफल भएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध वारुण यन्त्र कार्यालय
भक्तपुर

आगलागी रिपोर्ट- २०८०/०८१

| महिना | करेन्ट सर्ट | ग्याँस | अचानक/अन्य | जम्मा |
|---|---|---|---|---|
| २०८० श्रावण | ७ | १ | २ | १० |
| २०८० भाद्र | १ | ० | २ | ३ |
| २०८० आश्विन | ३ | ० | ० | ३ |
| २०८० कार्तिक | ४ | २ | १ | ७ |
| २०८० मंसिर | १ | ० | ३ | ४ |
| २०८० पौष | ५ | ० | ५ | १० |
| २०८० माघ | ४ | ० | ४ | ८ |
| २०८० फागुन | २ | ० | १२ | १४ |
| २०८० चैत्र | ८ | ० | १३ | २१ |
| २०८१ बैशाख | १ | ० | ३१ | ३२ |
| २०८१ जेठ | ३ | २ | ६ | ११ |
| २०८१ असार | १ | ० | १ | २ |
| जम्मा | | | | १२५ |

३. मिति २०८०/१२/१८ गते सूर्यविनायक नगरपालिकाको श्री महेद्र शान्ती निकेतनमा र मिति २०८०/१२/२५ गते सूर्यविनायक नगरपालिकाको श्री जोरपाटी माबिमा आगलागी सम्बन्धी जनचेतनामूलक कार्यक्रम (डेमो) संचालन गरी कार्यक्रम सम्पन्न गरीयो ।

४. मिति २०८० भाद्र २२ गते निजामति सेवा दिवसको उपलक्ष्यमा कार्यालय परिसर सरसफाई सम्पन्न गरिएको ।

५. मिति २०८० असोज १६ गतेबाट कार्यालय प्रमुखको जिम्मेवारी लिई आउनु भएका ना.सु. श्री अनिल सुवेदीलाई कार्यालयमा स्वागत गरिएको ।

६. पौष महिनामा यस कार्यालयमा कार्यरत अग्नी नियन्त्रण तर्फका कर्मचारीहरुको लागि कार्यालय भित्रै पुनर्ताजकी तालिम सञ्चालन गरियो ।

७. खोटाङ जिल्ला खोटेहाङ गाउँपालिकाबाट बारुण यन्त्र संचालन तथा व्यवस्थापन सम्बन्धी प्राविधिक सहजीकरण तालिमको लागि लेखि आए बमोजिम यस कार्यालयका कर्मचारीहरु गई मिति २०८०/०९/१८-२२ गते सम्म ५ दिने तालिम प्रदान गरियो ।

८. मिति २०८०/१०/०२ गते २६ औं राष्ट्रिय भुकम्प सुरक्षा दिवसको दिन जिल्ला विपद् व्यवस्थापन समितिको तर्फबाट राखिएको खोज तथा उद्धार सामाग्रीको स्थलगत प्रदर्शनीमा सहभागिता जनाइयो ।

९. मिति २०८०/११/१६ गतेका दिन सूर्यविनायक नगरपालिका र चाँगुनारायण नगरपालिकाबाट साझेदारीमा खरिद गरी जुद्ध बारुण यन्त्रबाट संचालन रहेको दमकल संचालन सम्बन्धी समन्वय बैठक सम्पन्न गरियो ।

१०. मिति २०८१ वैशाख ४ गते चैते दशैंको अवसरमा यसै कार्यालयमा मौलो पुजा गरी कार्यक्रम सम्पन्न गरियो ।

११. मिति २०८१ जेठ ४ गतेको निर्णयानुसार वैशाख महिनामा भएका अत्याधिक आगलागीका घटनालाई मनन गरी थप जोखिम सामनाका लागि अन्य सरोकारवाला निकायसँग निरन्तर समन्वय गरियो ।

१२. मिति २०८१ जेठ ८ गते यस कार्यालयबाट मालपोत कार्यालय दैलेख सरुवा भई जानुभएका खरिदार श्री गोर्ख बहादुर दर्लामी मगरको फेरी भेटौंला कार्यक्रम गरी बिदाई गरिएको ।

१३. मिति २०८१ जेठ २१ गते भूमिसुधार तथा मालपोत कार्यालय गुलरिया बर्दियाबाट सरुवा भई आउनुभएका खरिदार श्री हिमाल घर्ती मगरलाई स्वागत कार्यक्रम गरियो।

१४. मिति २०८१ जेठ ३२ गते मनसुनजन्य विपदमा खोज तथा उद्दारको लागि यस कार्यालयमा अनिल कपाली/निराकर थापाको संयोजकत्वमा QRT गठन गरियो।

१५. यस कार्यालयमा कार्यरत करार तर्फका कर्मचारीहरुको २०८१ असार मसान्तबाट करार अवधि सकिएकोमा पुनः सोही कर्मचारीहरुलाई २०८१ पौष मसान्त सम्मको लागि करार म्याद थप गरिएको ।

१६. मिति २०८०/०३/०२ गते राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा आयोजित सचेतना गोष्ठी कार्यक्रममा सहभागिता जनाइयो ।

१७. जिल्ला प्रशासन कार्यालय तथा अन्य माथिल्लो निकायबाट आएका निर्देशनहरु पालना गरी कार्यान्वयन गरियो ।

१८. मिति २०८१/०२/२९ गतेदेखि ३२ गतेसम्म धुलिखेल-११ काभ्रेपलान्चोकमा रहेको ओमस्टोन प्रा.लि. अन्तर्गतको दुसि थानी हिमालय रिसोर्टमा अग्नि नियन्त्रक सामानहरु सहित संचालनमा रहेको प्रमाणीकरणका सम्बन्धमा यस कार्यालयबाट विज्ञ खटीएको।

१९. नेपाली सेना इन्द्रबक्स गण सुर्यविनायक भक्तपुरद्वारा आयोजित संयुक्त विपद् प्रतिकार्य अभ्यास मनसुन-४ मा यस कार्यालयबाट सहभागिता जनाइएको।

२०. मिति २०८१/०१/०७ गतेदेखि १३ गतेसम्म यस कार्यालयको आयोजनामा ४५ जना प्रशिक्षार्थीहरुलाई अग्नी नियन्त्रण सम्बन्धी आधारभूत तालिम प्रदान गरियो।

नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध वारुण यन्त्र कार्यालय
भक्तपुर

७. कार्यान्वयनका क्रममा देखिएका समस्या/चुनौती

- प्रभावकारी रुपमा आगलागी नियन्त्रणका लागि नयाँ दमकलको आवश्यकता देखिएको।
- पुराना दमकलहरुको आवश्यक मर्मत सम्भार गर्न आर्थिक तथा प्राविधिक अभाव रहेको।
- स्थापनाकालीन ऐतिहासिक दमकलहरु व्यवस्थापनका लागि स्थानको अभाव रहेको।